PCCMC-Meeting 2077.04.26

निर्णय नं. १

कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषबाट प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका,नगरपालिका, गाँउपालिका र जिल्ला समन्वय समितिलाई निकासा गरिएको १३ करोड ६७ लाख खर्चको विवरण आन्तरिक मामिला तथा कानुन मन्त्रालयले संकलन गरी पेश गर्ने। साथै सामाजिक विकास मन्त्रालयबाट प्रदेशका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्था समेतमा उपलब्ध गराइएको कुल ९ करोड ९३ लाखको खर्चको विवरण सामाजिक विकास मन्त्रालयले संकलन गरी पेश अर्को बैठकमा पेश गर्ने ।

निर्णय नं. २

संघीय सरकारबाट प्राप्त भएको आइसोलेशन स्थापना देखी उपचार सम्मको कार्य व्यवस्थापनको लागि स्थानीय तहलाई उपलब्ध गराउन प्राप्त भएको रू ४ करोड रकम प्रदेश सरकार मातहतका अस्पतालहरुमा आइसोलेशन वेड र कोभिड -१९ को उपचारलाई प्रभावकारी बनाउन सामाजिक विकास मन्त्रालय मार्फत उपलब्ध गराउने।

निर्णय नं. ३

कोभिड-१९को सन्दर्भमा क्वारेन्टाइनको रुपमा प्रयोगमा ल्याइएको विद्यालयहरुबाट क्वारेन्टाइन हटाई अन्य सार्वजनिक भवन वा सामुदायिक भवनहरुमा व्यवस्था गरी उक्त विद्यालय भवनहरुलाई निर्मलीकरण गर्न स्थानीय तहलाई लेखि पठाउने। साथै सो कार्यका लागि श्रोतको आवश्यकता परेमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत माग गर्न जानकारी गराउने ।

निर्णय नं. ४

जनवादी गणतन्त्र चीन सरकारको स्वशासित क्षेत्र तिब्बत सरकारबाट प्राप्त भएको कोभिड १९ महामारीसंग सम्बन्धित स्वास्थ्य उपकरणहरुलाई तत्काल स्वास्थ्य आपूर्ति केन्द्रले भण्डारण गरी आवश्यकताको आधारमा स्तर अनुसार प्रदेशका अस्पतालहरुलाई हस्तान्तरण गर्ने व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने ।

निर्णय नं. ५

सुरक्षा निकायबाट कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका क्रममा सुरक्षा जाँचका लागि खटिएको स्थानमा वा सुरक्षित तवरबाट छुट्टै स्थानमा बस्ने व्यवस्था आन्तरिक मामिला तथा कानुन मन्त्रालयसंगको समन्वयमा सुरक्षा निकायहरूले मिलाउने ।

निर्णय नं. ६

कोभिड-१९ को कारणबाट मृत्यु भएकाको शव व्यवस्थापन गर्न तोकिएको नेपाली सेनाको कमाण्डलाई आवश्यक उपकरण तथा स्रोत साधनको व्यवस्था सामाजिक विकास मन्त्रालयले गर्ने ।

श्रीमान,
यस अनुसारको निर्णय वेबसाइटमा प्रकाशन गर्न उपयुक्त देखि पेश गरेको छु।

४।२६

४।२६

२०७७।४।२६

PCCMC-Meeting 2077.04.26

निर्णय नं. ७

प्रदेश स्तरमा PCR testing र प्रयोगशालाको क्षमता बढाउन सामजिक विकास मन्त्रालयले व्यवस्था मिलाउने। बागमती प्रदेशमा संकलन भएका नमुनालाई पहिलो प्राथमिकता राखि PCR Testing गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ८

कोभिड-१९को सक्रमणबाट नागरिकको बचावटका लागि जनचेतनामुलक कार्यक्रम संचालन गर्न स्थानीय तह, नागरिक समाज, पत्रकार र सबै सरोकारवाला व्यक्ति तथा निकायहरूलाई अनुरोध गर्ने ।

निर्णय नं. ९

स्वास्थ्यकर्मी परिचालनको लागि आवश्यक स्रोत र साधनको व्यवस्था स्थानीय तह र सामाजिक विकास मन्त्रालयले मिलाउने।

निर्णय नं. १०

प्रदेशमा प्रवेश तथा  भित्र आवत जावतलाई निरूत्साहित गर्न प्रदेशका नाकाहरु र बजार क्षेत्रहरुमा चेकजाँचलाई कडाइ गर्न तथा अत्यावश्यक काममा वाहेक सवारी पास उपलब्ध नगराउने व्यवस्था मिलाउन प्रदेशका सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले आवश्यक व्यवस्था गर्ने ।

निर्णय नं. ११

प्रदेश सरकारका मन्त्रालयहरुको दैनिक कार्य भिडभाड कम हुने गरी सञ्चालन गर्न आवश्यक कर्मचारीहरुलाई निवासदेखि कार्यालयसम्म आवतजावतका लागि सम्बन्धित मन्त्रालयको सचिवले पास जारी गर्ने र जिल्ला स्तर कार्यालयको हकमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट सवारी पास लिनु पर्ने व्यवस्था मिलाउने ।

मुख्यमन्त्री